

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३१७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर २३ गते आइतबार ❑ 8 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## ऋग्वेदजस्ता ग्रन्थ हाम्रा सांस्कृतिक धरोहर हुन् : प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २२ मंसिर

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले ऋग्वेद जस्ता पूर्वीय वाङ्मयसँग सम्बन्धित ग्रन्थहरु केवल परम्परागत धर्मग्रन्थ मात्र नभएर नेपाली समाजका सांस्कृतिक धरोहर रहेको बताउनुभएको छ ।

मुक्त फाउण्डेशन पोखरा र गण्डकी प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको दुई दिवसीय ऋग्वेद र हिमालयः दोस्रो अन्तर ि्ष्ट्रय सम्मेलनको शुभारम्भ गर्दै प्रमुख अतिथि भट्टले ऋग्वेद एवं अन्य पूर्वीय वाङ्मयका सम्बन्धमा वस्तुगत अध्ययनको नयाँ परम्परा स्थापित गर्न यस्ता सम्मेलनले सघाउ पुग्ने बताए । संस्कृति र पर्यटन मूल मन्त्रका साथ ऋग्वेदीय परम्परा र हिमालय क्षेत्रका विविध संस्कृतिहरुसँगको यसको सम्बन्धको गहिरो अन्वेषण गर्ने लक्ष्यका साथ दुई दिवसीय अन्तर्राष्ट्रिय सम्मेलन गरिएको आयोजकले जनाएको छ । देश विदेशका स्कलर्स, रिसर्चर सहभागी सम्मेलनमा ऋग्वेद तथा





वैदिक मान्यता, विधि र आयाम, हिमालय संस्कृति र पर्यटनका बारेमा अनुसन्धानात्मक लेखहरु प्रस्तुत गरिने र विद्वत छलफल गरिने कार्यक्रम छ । प्रदेश प्रमुख भट्टले नेपाल लगायत विभिन्न देशका वेदका ज्ञाताले ऋग्वेद र हिमाली सभ्यताका आयामबारे गरिने विचार मन्थन फलदायी हुने विश्वास लिँदै सम्मेलनबाट आर्जित ज्ञान र अनुभवलाई प्रयोग गर्दै धर्म, संस्कृति तथा पर्यटन सम्बन्धी नीति निर्माण र कार्यान्वयनमा रहेका पदाधिकारी एवं प्राज्ञिकहरु लाभान्वित हुनेमा आशावादी रहेको बताउनुभयो ।

वैदिक ज्ञान एवं आधुनिक समाज विज्ञानका ज्ञाताहरुका बीचमा वस्तुगत अध्ययनका लागि सहकार्यको नयाँ सम्भावना खुलेको बताउँदै प्रदेश प्रमुख भट्टले यस्ता सम्मेलनले हिमाली समाज र संस्कृतिका मूल्य र मान्यताको जागरणको ढोका खुल्ने उल्लेख गर्नुभयो । 'हिमालय क्षेत्रको सांस्कृतिक तथा धार्मिक परिदृश्यलाई गहिरो रुपमा प्रभाव पारेको ऋग्वेद, मानव जातिको सबैभन्दा पूरानो र र प्रभावशाली ग्रन्थहरुमध्ये एक हो । मानवताको संरक्षण र पृथ्वीको संरक्षण जस्ता सार्वभौम सिद्धान्तमा आधारित यस ग्रन्थ २१ औं शताव्दीमा मानवमूल्यहरूको संकट सामनाका लागि सहयोगसिद्ध हुने ठानी आयोजकले सान्दर्भिक र समयसापेक्ष विषयमा आयोजना गरेको यो सम्मेलन महत्वपूर्ण छ ।' प्रदेश प्रमुख भट्टले भन्नुभयो । ऋग्वेदीय सिद्धान्तहरूको पुनरावलोकन र पुनर्जीवन प्रदान गर्ने उद्देश्यका साथै हिमालय संस्कृतिमा परेको प्रभाव र आधुनिक चुनौतीहरुको समाधानको लागि सम्भाव्य अन्वेषण गर्ने प्रयासले मूर्त रुप लिन सकोस् भनी उहाँले शुभेच्छा प्रकट गर्नुभयो । गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्ची पनि बोल्नुभएको थियो । सम्मेलनका विशेष वक्ताहरुमा प्राडा विणा पौडेल, छक्क बहादुर लामा,


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## अब बोलेर होइन काम गरेर देखाउनुपर्छः उपप्रधानमन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
वालिङ २२ मंसिर

उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहले अब बोल्नेभन्दा पनि उपलब्धि देखाउनुपर्ने बताउनुभएको छ ।

स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ को मिर्मी बहुमुखी क्याम्पसको स्तरोन्नतिका लागि आयोजित श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञको आज उद्घाटन गर्दै उहाँले जनताले बोलीभन्दा पनि परिणामको अपेक्षा गरिरहेकाले सोहीअनुसार सबै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । "जनताको चाहना नै बोलीभन्दा पनि देखिने काम हुनुपर्‍यो भन्ने हो । काम हुनुपर्‍यो, चाँडै हुनुपर्‍यो, देखिनेगरी हुनुपर्‍यो भन्ने छ । अहिलेको सरकारले यो कुरा बुझेरै अगाडि बढिरहेको छ । यसमा सबैको सहयोग आवश्यक छ", उपप्रधानमन्त्री सिंहले भन्नुभयो । पवित्र उद्देश्य राखेर आयोजना गरिएको महायज्ञको सफलताको कामना गर्दै उहाँले यस क्षेत्रको शैक्षिक धरोहरका रूपमा स्थापित हुँदै गरेको क्याम्पसको स्तरोन्नतिका लागि नेपाल सरकारका तर्फबाट सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । "यहाँहरूले पवित्र उद्देश्यसहित थाल्नुभएको यस कार्यको सफलताको कामना गर्छु ।

आगामी दिनमा अधुरा रहेका कार्य पूरा गर्न सहयोगका लागि म तयार छु", उपप्रधानमन्त्री सिंहले भन्नुभयो । क्याम्पसको स्तरोन्नति गर्ने उद्देश्यसहित आयोजना गरिएको महायज्ञमा पण्डित दीनबन्धु पोखरेलले कथावाचन गर्नुहुनेछ । विसं २०६२ मा स्थापना भएको उक्त क्याम्पस १७ रोपनी क्षेत्रफलमा फैलिएको छ ।

## वर्तमान राजनीतिक समीकरण चलिरहन्छ : सभापति देउवा

**रासस**
काठमाडौं २२ मंसिर

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राजनीतिक स्थिरता र सुशासनका निम्ति बनेको वर्तमान सरकार निरन्तर अगाडि बढ्ने बताउनुभएको छ ।

कांग्रेस कोशी 'प्रथम प्रदेश सम्मेलन' को आज विराटनगरमा उद्घाटन गर्दै उहाँले सम्झौताअनुसार नै यो सरकार अगाडि बढ्ने स्पष्ट पार्नुभएको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणबाट महत्त्वपूर्ण उलब्धि हासिल भएको चर्चा गर्दै उहाँले प्रधानमन्त्री ओलीलाई बधाई तथा शुभकामना दिनुभयो । नेपालले ऋणको भार बढ्न नदिन विआरआई सम्झौताबाट विभिन्न परियोजनाका लागि चीन सरकारबाट अनुदान पाएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "एमाले र कांग्रेसको गठबन्धन पूरा समयसम्म चल्छ, कांग्रेसले कुनै पनि अपठ्यारो हुने काम गर्ने छैन ।" नेपाली ग्रामीण क्षेत्रमा पार्टीलाई बलियो बनाएमा मात्र कांग्रेस बलियो हुने बताउँदै सभापति देउवाले ग्रामीण क्षेत्र तथा स्थानीय तह बलियो भएमा मात्र कांग्रेसले विजय प्राप्त गर्न सक्छ भन्नुभयो । उहाँले सम्मेलनबाट पार्टीले महत्त्वपूर्ण निर्णय गर्ने विश्वास व्यक्त गर्नुभयो ।

पार्टीका उपसभापति पूर्णबहादुर खड्काले पार्टी विधानअनुसार चल्नुपर्ने भन्दै यसका लागि स्थानीय तहसम्म व्यवस्थित प्रशिक्षण अभियान सञ्चालन गरिने जानकारी दिनुभयो । उहाँले भर्खरै सम्पन्न भएको उपनिर्वाचनको परिणामअनुसार पार्टीका निम्ति सकारात्मक एवं उत्साह जनक भएको उल्लेख गर्दै संविधान संशोधनको अगुवाई पनि कांग्रेसले नै लिने बताउनुभयो । पार्टीका महामन्त्री गगनकुमार थापाले विधिको शासन स्थापना गर्न एमाले र कांग्रेसबीच समीकरण भएको बताउँदै संविधान संशोधनको लागि समीकरणमा रहेका दलहरूबीच छलफल भइरहेको जानकारी दिनुभयो । कांग्रेसका केन्द्रीय सदस्य एवं गृहमन्त्री रमेश लेखकले कांग्रेस बलियो भएमा मात्र लोकतन्त्र बलियो हुने धारणा राख्दै पार्टीमा एकता हुनु आवश्यक छ भन्नुभयो ।

## वामपन्थीहरू एक भए देश विकास हुन्छः महासचिव गुरुङ

**पोखरापत्र संवाददाता**
लमजुङ २२ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङले वामपन्थी शक्तिहरू एक नभएसम्म देश बन्न नसक्ने बताउनुभएको छ । शनिबार जिल्लाको दूधपोखरी गाउँपालिकामा स्थानीय पालिका कमिटीको तेस्रो सम्मेलन उद्घाटन गर्नुहुँदै उहाँले वामपन्थीहरू एकताबद्ध भएर राष्ट्रिय स्वाधीनताको रक्षा गर्नुपर्नेमा जोड दिनुभयो । सबै दल एकजुट हुन सके राष्ट्रिय स्वाधीनताको रक्षा, स्थिरता र स्थायित्व सम्भव रहेको भन्दै महासचिव गुरुङले आफ्नो पार्टी देश र जनताको विकासलाई प्राथमिकतामा राखेर अघि बढिरहेको बताउनुभयो । पार्टी अध्यक्ष दाहाल नेतृत्वको सरकारले अघि बढाएका विकास योजना सरकार परिवर्तन भएसँगै बाँकी रहेका उहाँको भनाइ थियो ।

## स्थानीय स्रोतको उपयोगमा नेता शर्माको जोड

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपमहासचिव जनार्दन शर्माले स्थानीय स्रोत र साधनको अधिक उपयोग गरी देशलाई आर्थिक समृद्धिको मार्गमा अग्रसर गराउन सकिने बताउनुभएको छ ।

नेपाल राष्ट्रिय उद्योग -व्यापार सङ्गठनको दोस्रो अधिवेशनको आज यहाँ उद्घाटन गर्दै उहाँले फलाम, तामालागयत बहुमूल्य खनिज उत्खननमा राज्यले ध्यान दिनुपर्नेमा जोड दिनुभयो । सूचना प्रविधिको क्षेत्रमा मुलुकले प्रगति गरेको र अझै धेरै गर्ने स्थान रहेकाले त्यसतर्फ पनि विशेष ध्यान दिन आवश्यक भएको उहाँले बताउनुभयो ।

पूर्वअर्थमन्त्री शर्माले यस भेगका प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ र कालिका भगवतीमा धार्मिक पर्यटकको आगमन बढाउन कालीगण्डकीमा पाइने शालिग्रामको महत्वबारे प्रचुरमात्रामा प्रचारप्रसारका साथै कालीगण्डकीको तटीय क्षेत्रको विकास अपरिहार्य भएको विचार व्यक्त गर्नुभयो ।




# लैङ्गिक हिंसाविरुद्धको अभियानमा जुट्दै जोण्टा क्लव अफ पोखरा

**पोखरापत्र संवाददाता**
पोखरा २२ मंसिर

लैङ्गिक हिंसाविरुद्धको अभियानमा विभिन्न कार्यक्रमको आयोजना गर्दै आएको जोण्टा क्लव अफ पोखराले चेतनामुलक सडक नाटकसंगै द्विप प्रज्वलन गरेको छ ।

मानवअधिकार चोकमा आयोजित कार्यक्रममा पोखरा थिएटरका कलाकारहरुसंगको सहकार्यमा सडक नाटक ' दविएका आवाजहरु ' प्रस्तुत गरिएको हो । त्यसैगरि हिंसारहित समाज निर्माण गरौं भन्दै द्विप प्रज्वलनमा सहभागिहरुले मानवअधिकार चोकदेखि विपि चोक हुँदै पुन : मानवअधिकार चोकसम्म द्विप प्रज्वलन गरे ।

सो अवसरमा बोल्दै कार्यक्रमा संयोजक बन्दना कार्की केसीले जोण्टा क्लव अफ पोखराद्वारा सञ्चालित अभियानले सभ्य र हिंसारहित समाज निर्माण गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । अब संस्थागत, समाज र सबैले लैंगिक हिंसा, भेदभाव



हुन दिनेछैनौं भनेर संकल्प गर्नुपर्ने कार्कीको भनाई थियो । 'यो अभियानले हामी सबैलाई यही प्रेरणा प्रदान गरोस्'-कार्कीले भन्नुभयो । अभियानलाई सार्थक पार्न सहकार्य गर्ने सम्पूर्ण सहयोगी हातहरुप्रति उहाँले कृतज्ञता जाहेर गर्नुभयो । कार्यक्रममा बोल्दै क्लवका अध्यक्ष रोजिना रंजित बिजुक्छे १० डिसेम्बरसम्म विश्वभर चल्ने यो अभियान नेपालमा 'हामी सबैको प्रतिबद्धता, लैंगिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता' भन्ने नाराका साथ सुरु भएको जानकारी दिनुभयो । सन् १९८० देखि नै विभिन्न मुलुकले महिलामाथि हुने हिंसाविरुद्धको दिवस मनाउँदै आए पनि सन् १९९९ मा संयुक्त राष्ट्रसंघले यसको अनुमोदन गरेपछि महिलामाथि हुने हिंसाविरुद्धको विभिन्न अभियान सुरु भएको उहाँले जनाउनुभयो । नेपाल प्रहरी, गण्डकी प्रदेश प्रमुख डिआइजी दुर्गा सिंहले कुनैपनि प्रकारका लैङ्गिक हिंसा र विभेवविरुद्ध खुलेर बोल्न कार्यक्रमका सहभागिहरुलाई आग्रह गर्नुभयो ।

कार्यक्रम सञ्चानलका क्रममा क्लवका सचिव सिर्जना कार्कीले नेपाल सरकारले हरेक वर्ष नोभम्बर २५ देखि डिसेम्बर १० सम्म लैंगिक हिंसाविरुद्धको राष्ट्रिय अभियान सञ्चालन गर्ने र नोभेम्बर २५ तारिखलाई महिला हिंसाविरुद्धको राष्ट्रिय अभियान दिवसको रुपमा मनाउने निर्णय अवगत गराउँदै जोण्टाले पनि यो अभियानमा हरेक वर्ष हातेमालो गर्दै आएको जनाउनुभयो ।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठ, रेवान पोखराका उपाध्यक्ष बसन्त गौतम, पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानी, आयोजक क्लवका निवर्तमान अध्यक्ष मोनिका थापा, पोखरास्थित विभिन्न विद्यालयका विद्यार्थी तथा समाजका अन्य अगुवाहरुको सहभागिता रहेको थियो । सो अवसरमा जोण्टको अभियानमा सहयोग गर्ने सहयोगीहरुलाई मायाको चिनोले सम्मान गरिएको थियो । अभियान अन्तर्गत क्लवले यसअघि पोखरामा अर्न्तर विद्यालय चित्रकला प्रतियोगिता सम्पन्न गरिसकेको छ ।

# रोजगारी दिलाउन प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा २२ मंसिर



गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले बेरोजगार नागरिकलाई रोजगारी दिलाउन प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रहेको बताएका छन् ।

शनिबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको प्रधानमन्त्री रोजगार कार्यक्रमको दुई दिवसीय वार्षिक समीक्षा कार्यक्रमको उद्घाटन गर्दै उनले बेरोजगारी समस्यालाई समाधान गर्न र जीवनस्तर सुधार्न उक्त कार्यक्रम सफल भएको उल्लेख गरे ।

मन्त्री थापाले गण्डकी प्रदेशमा पनि सीमान्तकृत समुदाय, महिला र युवाहरूलाई रोजगारीको अवसर प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत उल्लेखिय काम भएको बताए । "गण्डकी प्रदेशमा हामीले यस कार्यक्रमलाई अझ प्रभावकारी बनाउनका लागि विभिन्न प्रयासहरू गरिरहेका छौं", उनले भने, "हामीले रोजगारका अवसरहरू सिर्जना गर्न मात्र होइन स्थानीय स्तरमा सीपमूलक तालिम, उद्यमशीलता प्रवर्द्धन र खेलकुद गतिविधिहरू मार्फत युवालाई सशक्त बनाउन पनि काम गरिरहेका छौं ।" मन्त्री थापाले प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनमा बजेट अभाव र संरचनागत समस्या भएकाले चुनौति थपिएको बताए ।

ग्रामीण क्षेत्रका जनतालाई रोजगारीका अवसर उपलब्ध गराउन समन्वयको खाँचो भएको भनाई उनको छ । स्थानीय, प्रदेश र संघ सरकारले समन्वयात्मक तवरले उक्त कार्यक्रमलाई अगाडि बढाउनुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । "संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबीच अझ राम्रो समन्वय आवश्यक छ । साथै निजी क्षेत्र र अन्य साझेदारहरूको सहभागिताले उक्त कार्यक्रमलाई अझ सुदृढ बनाउन सकिन्छ ।", उनले भने । गण्डकी प्रदेश सरकार प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत सामाजिक सुरक्षाको प्रत्याभूति दिन, आर्थिक अवसरहरू सिर्जना गर्न र दीर्घकालीन विकासका आधारहरू तयार गर्न प्रतिबद्ध रहेको उनले उल्लेख गरे ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय गण्डकीका प्रमुख सचिव रघुराम विष्टले नेपालको संविधानले नै रोजगारी हकको ग्यारेण्टी गरेकाले यसको आवश्यकता र औचित्यलाई मध्यनजर गर्दै अगाडि बढनुपर्ने बताए । जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डेले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनसँग जोड्न सके मात्र सफलता मिल्ने बताए । वैदेशिक रोजगारीका क्रममा देखिएका ठगीका विषयलाई व्यवस्थापन गर्न कार्यगत एकताको खाँचो रहेको भनाई उनको छ ।

पोखरा महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत शिवराज चौलागाईले रोजगारसँग जोडिएको विषयमा सरकार संवेदनशील हुन आवश्यक रहेको र महानगर समेत त्यसै अनुरुप लागिरहेको बताए । बरेङ गाउँपालिकाका रोजगार संयोजक केशव राज क्षेत्रीले प्रधानमन्त्री रोजगार कार्यक्रम राम्रो र विपन्न सँग जोड्ने कार्यक्रम भएको अनुभव सुनाए । कार्यक्रम निर्देशक प्रदीप कुमार कोइरालाले गण्डकीमा हुने दुई दिने समीक्षा कार्यक्रममा गण्डकीका ११ जिल्लाका ८५ वटै पालिकाका रोजगार संयोजकहरुको उपस्थिति रहेको जानकारी गराए । उक्त कार्यक्रममा प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिताका विषयमा गहन छलफल हुने भनाई उनको छ ।

# खेल पर्यटनको माध्यमबाट गण्डकी प्रदेशको विकास गरिने : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा २२ मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले खेल पर्यटनको माध्यमबाट गण्डकी प्रदेशको विकास गर्ने प्रदेश सरकारको लक्ष्य रहेको बताएका छन ।

शनिबार कास्कीको लेखनाथमा आयोजित २५औं आर्दश कप फुटवल प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेश धेरै पर्यटकीय सम्भावना बोकेको स्थल भएको उल्लेख गर्दै पर्यटन नै प्रदेशको समृद्धिको महत्वपूर्ण आधार भएकाले विभिन्न खेल गतिविधिहरुलाई पर्यटन सँग जोडेदै समग्र प्रदेशको विकास गरिने वताएका हुन ।

मुख्यमन्त्री पाण्डेले खेल क्षेत्र र खेलाडीको विकासका लागि प्रदेश सरकार गम्भीर रहेको वताउँदै खेल क्षेत्रको विकासका लागि सरकारले विभिन्न कार्यक्रम गरिरहेको यहाँको कर्भड हल र रंगशालाको स्तरोन्नतीको लागी प्रदेश सरकारले केही न केही सहयोग गर्ने वताएका थिए ।

उनले पोखरालाई पर्यटकिय राजधानी घोषणा गरिएको अवस्थामा अन्य क्षेत्रको साथसाथै खेल पर्यटनको माध्यमबाट पनि



प्रदेशलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा चिनाउन चाहेको वताउँदै प्रदेशभित्रका खेलकुद एवं पर्यटकिय पुर्वाधारहरु निर्माणमा प्रदेश सरकार लागिरहेको वताए । प्रदेश सरकारले मुस्ताङमा हाई अल्टिच्यूड खेल मैदान निर्माण गरि संसारभरका खेलाडीहरुलाई ल्याएर खेलाउने योजना समेत सुनाए । ओलम्पिकमा सहभागी खेलाडीको अनुभव आदानप्रदानका लागि गण्डकी प्रदेश सरकारले गत वर्षदेखि 'स्कुल टु ओलम्पियन' कार्यक्रम गरिरहेको र प्रदेशबाट ओलम्पिकमा सहभागी खेलाडीहरूलाई आर्थिक सहयोग पनि गरिरहेको उनले जानकारी दिएका थिए । उत्त अवसरमा पोखरा महानगरपालिका वडा नं. २९ का वडाध्यक्ष श्रीप्रसाद गुरुङले आर्थिक अभावका कारण रंगशाला निर्माणले पुर्णता नपाएको वताउँदै यसमा प्रदेश सरकारको ध्यानार्कषण गराएका थिए । यसैविच शनिवार भएको उद्घाटन खेलमा आयोजक आर्दश क्लवले विजयी शुरुवात गरेको छ । आदर्श युवा क्लव र एन्फा तनहुँका विचमा भएको खेलको पहिलो हाफको ४१औं मिनेटमा आदर्श युवा क्लवका जर्सी नं ८ का खेलाडी सजिन मगरले डि एरियाबाट गरेको पहिलो गोल नै निर्णायक बनेको हो । खेलको दोस्रो हाफमा पनि दुवै समुहको प्रतिष्पर्धात्मक खेलले दर्शकलाई थप मनोरञ्जन प्रदान गरेको थियो । सुरुवाती देखि नै अग्रता लिएको आदर्श युवा क्लवले खेलको दोस्रो हाफमा पनि रक्षात्मक रुपमा खेलेको थियो भने खेल जित्ने दवावमा रहेको एन्फा तनहुँले निर्धारीत समयमा गोल फर्काउन नसकेपछि आयोजक नै विजयी भएको हो । शनिवार भएको खेलको म्यान अफ दी म्याच आदर्शका सजिन मगर घोषित भएका छन् । उनलाई वडा नं २९ का वडाअध्यक्ष श्रीप्रसाद गुरुङले नगद पाँच हजार पुरस्कार प्रदान गरेका थिए । प्रतियोगिता अर्न्तगत आईतबार नेपाल आर्मी सिद्धिदल गण र शसस्त्र प्रहरी बल गण्डकी मुख्यालय विच प्रतिष्पर्धा हुनेछ । निरन्तरता हाम्रो प्रतिवद्धता,फुटवल खेलको विकास हाम्रो दृढता भन्ने मुल नाराका साथ आदर्श युवा क्लवले मंसिर २२ देखी २९ गतेसम्म गर्न लागेको प्रतियोगिताको मुख्य प्रायोजकक शौर्य सिमेन्ट रहेको छ ।

प्रतियोगिताको विजेतालाई नगद ४ लाख २५ हजार पाँच सय २५ रुपैया र उपविजेतालाई २ लाख २५ हजार पाँचसय २५ रुपैया सिल्ड,मेड र प्रमाण पत्र प्रदान गरिनेछ । साथै विभिन्न विधामा खेलाडीलाई पुरस्कृत गरिने जनाईएको छ ।

## ऋग्वेदजस्ता ...

प्राडा कृष्णचन्द्र शर्मा, प्राडा विनोद पोखरेल, प्राडा ऋषिराम रेग्मी रहनुभएको छ । माया तिम्सिना, डा. महाश्रम शर्मा, सचिव कुलमान सिंह गुरुङ, डा. रिपु कुँवर, समाजशास्त्री विष्णु बसेलगायतले पनि आफ्ना धारणा राख्नुहुनेछ । आयोजक मुक्त फाउण्डेशनका दामोदर त्रिपाठीका अनुसारकार्यक्रममा २८ वटा कार्यपत्र प्रस्तुत गरनेछ । वैदिक ज्ञानको पवित्रीकरण र हिमालय क्षेत्रमा साँस्कृतिक/सम्पदा अन्तराष्ट्रिय पर्यटनको सम्भावना दुई विषयमा प्यानल छलफल हुनेछन् । सम्मेलनको अन्तमा कार्यक्रमको उपलब्धिसहित भावी रणनीतिका सम्बन्धमा पोखरा महानगरका मेयर र विज्ञहरुका बीचमा विशेष छलफल हुने कार्यक्रम रहेको उनले जनाए ।

# जनकल्याण समितिको ४२ औं जन्म जयन्तीमा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा २२ मंसिर


पोखरा महानगरपालिका वडा नं १३ स्थित जनकल्याण समितिको ४२ औं जन्म जयन्ती एवं विविध सम्मान कार्यक्रम शनिवार सम्पन्न भयो ।

वडा नं १३ का वडा अध्यक्ष किरण वरालले सामाजिक संस्थमा सबै मिलेर अगाडि बढ्नु पर्ने धारणा राखे । समितिले समाजमा राम्रो कार्य गर्दै गएकोमा अध्यक्ष वरालले समितिको प्रशंसा गरे । स्व. रेशम बहादुर बस्नेत स्मृति जनकल्याण अक्षयकोषको जेष्ठ नागरिक कोषवाट क्रमश प्रा. तारा वराल, सरस्वती वराल, इन्द्रप्रसाद सिग्देल, खेमादेवी



सिग्देल, नारायण प्रसाद आचार्य र बलवहादुर क्षेत्री सम्मानित भए । विन्देश्वर मिथिला देवी स्मृतिको शैक्षिक पुरस्कारवाट शिला आचार्य सम्मानित भईन । त्यसैगरी राम लक्ष्मी शैक्षिक पुरस्कारवाट आभाष गौतम, अनमोल थापा, जसिका कार्की सम्मानित भएका छन् पदोन्नती पुरस्कारवाट भद्रकाली माविमा अध्यापन गर्दै आउनु भएको शान्तीदेवी पौडल केसी सम्मानित भइन् । वडा नं १३ का वडा सदस्य सुचित तामाङले एक्लीदै गएको जेष्ठ नागरिकलाई समितिले सम्झेर सम्मान गरेकोमा धन्यवाद दिइन् । जनकल्याण समितिका अध्यक्ष देवराज बराललले समितिलाइ अझै जनता सँग जोड्नका लागि भविष्यमा दिवाकालीन श्रेष्ठ नागरिक सेवा केन्द्र संचालन गर्ने योजना भएको वताए ।

समितिका सदस्यहरुले संस्थाको वारे इतिहास एक पटक पढ्न अध्यक्ष वरालले अनुरोध गरे । समितिका अध्यक्ष वरालको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवीद्धय दामोदर वराल, रामवहादुर केसी, सल्लाहकार युवराज त्रिपाठी, तीर्थवहादुर वस्नेत, माधाव प्रसाद आचार्य लगायत वोलेको कार्यक्रममा समितिका द्धित्तिय उपाध्यक्ष शिव केसी धन्यवाद दिएका थिए भने सचिव विनोद आचार्यले संचालन गरेका समितिका महासचिव तथा कार्यक्रम संयोजक गोविन्द प्रसाद आचार्यले पोखरापत्रलाई वताए ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
– पल क्लिथेरोई

## सम्पादकीय

# माओवादीलाई हौस्याउने परिणाम

मंसिर १६ गते भएको स्थानीय तह उपनिर्वाचनमा नेकपा (माओवादी) निर्वाचन हुँदा अत्यधिक पदमा जितेर कांग्रेसलाई पछाडि पारेको पनि छैन । एउटा (ग्रामथान) गाउँपालिकाको अध्यक्ष कांग्रेसबाट खोस्न सफल भएको हो । कीर्तिपुर नगरपालिकाको प्रमुख माओवादी होइन, कांग्रेसले जितेको हो । तर, कीर्तिपुरमा एमालेलाई पछाडि पारेको माओवादी जितेको कांग्रेसभन्दा उत्साहित देखिन्छ । कांग्रेसले कीर्तिपुरमा जीत दोहोऱ्यायो, तर उत्साह भने माओवादीमा बढी छ । चुनावी समीक्षा गर्न बिहीबार केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको पदाधिकारी बैठकपछि माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले कीर्तिपुरमा पराजित भए पनि कार्यकर्ता जितेसर उत्साहित रहेको टिप्पणी गरे । माओवादीले उपनिर्वाचनमा ११ वटा पद जितेको छ । उसले यसअघि आफैंले जितेका हुम्लाको सर्केगाड गाउँपालिका र रुकुम पूर्वको पुथाउत्तरगंगा गाउँपालिकाको उपाध्यक्ष जोगायो ।

माओवादीले मोरङको ग्रामथान गाउँपालिकाका अध्यक्ष र जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुख कांग्रेसबाट खोस्यो । अघिल्लोपटक ८ वटा जितेकोमा माओवादीले एक पालिका प्रमुख, एक उपप्रमुख र एक वडाध्यक्ष गरी ३ पद थप्यो, जुन कांग्रेसको १९ भन्दा ८ ले कम हो । तर, तेस्रो स्थानमा रहेको एमालेभन्दा ३ ले बढी हो । यीमध्ये पनि कीर्तिपुरमा कांग्रेसभन्दा मात्र पछि परेको विषयमा माओवादीले उत्सव नै मनाएको छ । कांग्रेससँग ७७९ मतान्तरले पछि पर्नु र एमालेलाई २१८ मतले पछाडि पार्नुलाई माओवादीले प्रतिष्ठा मानेको हो । 'कीर्तिपुरमा कांग्रेसको मत ९ हजारबाट घटेर ५ हजारमा आयो । एमाले आफूलाई व्यवस्थित संगठनको भएको पार्टी भनेर दाबी गर्ेणलेलाई जित्नु भविष्यका लागि राम्रो आधार बन्नु हो,' प्रवक्ता सापकोटाले भने, 'स्वतन्त्रको हल्लाका बीच मत रक्षा मात्रै नगरी बढाउँदा र अर्को चुनावका लागि आधार तय गर्दा माओवादीका साथीहरू उत्साहित भएका हुन् ।'

अध्यक्ष प्रचण्डले पदाधिकारी बैठकमा पनि माओवादी अब एक्लै चुनाव लड्न सक्ने पार्टीका रूपमा अगाडि बढेको टिप्पणी गरेका छन् । 'हाम्रो प्रारम्भिक चुनावी समीक्षामाढ नतिजा उत्साहजनक भएकाले अध्यक्षसहितका नेताले खुशी व्यक्त गर्नुभएको छ । यो नतिजाले माओवादी एक्लै लड्न सक्छ भन्ने देखाएको छ,' सापकोटाले भने, 'एक्लै लड्दा मात्रै विचार, रणनीति, कार्यनीति, स्पष्टसँग जनताको बीचमा लान सकिन्छ, पहिचान स्थपित गर्न सकिन्छ भन्ने निष्कर्ष माओवादीको छ । स्वतन्त्रहरूले प्रभाव पार्छन् भनिएका बेला प्रतिस्पर्धा आएर दोस्रो भएकोमा पार्टी पंक्ति उत्साही छ ।' २०६४ मा काठमाडौं- १० बाट प्रचण्ड विजयी भएका थिए । यही प्रभाव क्षेत्रमा २०७० मा प्रचण्ड तेस्रो हुन पुगे । २०७९ को स्थानीय तह निर्वाचनमा माओवादी उम्मेदवार प्रा.डा. शिवशरण महर्जन कांग्रेसका राजकुमार नकर्मीसँग ५ हजार मतान्तरले पराजित भएका थिए । उनी एमाले उम्मेदवारभन्दा पनि १५ सय मतले पछाडि थिए । उनै महर्जनले अघिल्लोपटक (४० ९०) भन्दा बढाएर ४५५५ मत ल्याएका छन् । कांग्रेस र एमालेको मत घट्दा आफ्नो मत बढेपछि माओवादी कीर्तिपुरको नतिजालाई लिएर माओवादी उत्साही देखिएको हो । त्यसो त यसपटक कम मत पनि खसेको थियो । सीटको हिसाबले दोस्रो भए पनि एक्लै चुनाव लड्दाको सन्देशसहित माओवादीले आफ्नो बार्गेनिङ शक्ति बढेको महसुस गरेको छ ।

२०६४ को पहिलो संविधानसभामा माओवादीले प्रत्यक्षमा १२० र समानुपातिक १०० सहित २२० सीट जितेर पहिलो दल भएको थियो । तर, त्यसपछि टुटफुटको अनेक शृंखला भोगेको माओवादी निरन्तर ओरालो लाग्यो । २०७० मा माओवादीले १५४ सीट गुमाउँदा ८३ मा सीमित भयो । त्यसपछि २०७४ मा एमालेसँग मिलेर लड्दा ८३ बाट ५३ मा झर्न पुग्यो । २०७९ मा माओवादी फेरि कांग्रेससँग मिलेर चुनावमा उत्रियो । तर, यो चुनावमा माओवादी झन् ३२ सीटमा खुम्चियो । तेस्रो दल भए पनि एमाले, कांग्रेस र फेरि एमालेसँग मिलेर माओवादीले सरकारको नेतृत्व गऱ्यो । तर, पहिलो र दोस्रो ठूलो दलसँग बार्गेनिङ गरेको भन्दै माओवादीलाई गत असार ३० गते यता कांग्रेस-एमालेले सरकारबाहिर राखेका छन् । धेरै वर्षपछि सत्ताबाहिर पुगेर उपचुनावमा राम्रो नतिजा ल्याएपछि माओवादी हौसिएको छ । माओवादी ठूला दलसँग टाँसिएर मात्रै अस्तित्व रक्षा गर्न सक्छ भन्ने भाष्य निर्माण भइरहेको थियो, किनकि २०७० यता माओवादी एक्लै चुनाव लडेको छैन । तर, ११ वर्षपछि केही ठाउँमा कांग्रेस र एमाले मिल्दा पनि जित्न सक्दा माओवादी आगामी निर्वाचन एक्लै लड्ने उद्घोष गर्ने स्थितिमा पुगेको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चरकको वार्षिकोत्सवमा मुटुको निःशुल्क जाँच र रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, २२ मंसिर

पोखराको नागढुंगामा रहेको चरक मेमोरियल हस्पिटलले विविध कार्यक्रम गरी १२ औं वार्षिकोत्सव मनाएको छ ।

वार्षिकोत्सवको अवसरमा हस्पिटलले मुटुको निःशुल्क जाँच र रक्तदान कार्यक्रम आयोजना गरेको हो । रक्तदान कार्यक्रममा ४३ जनाले रक्तदान गरेको अस्पतालले जनाएको छ । यस्तै, २ सय ४१ जनाले निःशुल्क मुटु जाँच गराए ।

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले हर्ट सर्जरी गरेका जगन्नाथ तिमिल्सेनालाई ओपिडी कार्ड हस्तान्तरण गरेर उद्धाटन गरेका हुन् । उनले पोखरामा चरक अस्पतालले गुणस्तरीय सेवा दिइरहेको बताउँदै अझ प्रगति र स्तरीय सेवा दिन सकोस् भन्ने वार्षिकोत्सवमा शुभकामना व्यक्त गरे ।

मुटु जाँच शिविरमा मनमोहन कार्डियो भास्कुलर सेन्टर काठमाडौंका मुटुरोग विशेषज्ञद्वय डाक्टर अनील भट्टराई, डाक्टर सूर्य देवकोटा र डाक्टर साहेवकुमार जैसवाल, डाक्टर अभिनव प्रधानले निःशुल्क रुपमा मुटु सम्बन्धी परामर्श दिएको अस्पतालका प्रबन्ध निर्देशक कपिल पोखरेलले जानकारी दिए । उनका अनुसार 'म जाँच्छु मेरो मुटु' भन्ने नाराका साथ आयोजित शिविरमा ओपिडी र इसिजी सेवा निशुल्क थियो भने ल्याब जाँचमा ३० प्रतिशत र मुटुको भिडियो एक्सरेमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको पोखरेलले बताए । चरक मेमोरियल हस्पिटलका अध्यक्ष रामचन्द्र रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेशका सांसद प्रकाश बराल, पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य, लायन्स क्लब अफ पोखरा माछापुच्छ्रेका अध्यक्ष इन्जिनियर बुद्धिराज अधिकारी, डाक्टर अनिल भट्टराई र डाक्टर सूर्य देवकोटा, अस्पतालका प्रमुख कार्यकारी अधिकृत कमलराज ढकाल लगायतले चरक हस्पिटल र पोखराको स्वास्थ्य क्षेत्रको बारेमा बोलेका थिए ।

# आइटिएफ टेनिसः हाइनुओ र माहिकालाई उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २२ मंसिर

पोखरा रङ्गशालामा सञ्चालन भइरहेको आइटिएफ जे-३० टेनिस प्रतियोगिताअन्तर्गत शनिबार सम्पन्न सर्किट-१ को खेलमा एकलमा पुरुषतर्फ चीनका हाइनुओ गुओ र महिलातर्फ भारतकी माहिका खन्नाले उपाधि जितेकी छन् ।

कास्की जिल्ला टेनिस सङ्घको आयोजनामा यही मङ्सिर १७ गतेदेखि सुरु भएको प्रतियोगिताको फाइनलमा पुरुषतर्फ चीनका हाइनुओले भारतका आश्रव्य मेहेरालाई सोझो सेटमा पराजित गरे । हाइनुओले आश्रव्यलाई खेलमा ६-३ र ६-४ मा पराजित गरेका हुन् । महिलातर्फ भारतकी माहिका खन्नाविरुद्ध नेपाली खेलाडी सुनिरा थापा 'टाइब्रेकर' खेलमा पराजित भइन् । पहिलो सेट ६-२ ले माहिकालाई सुम्पिएकी सुनिराले दोस्रो सेट ७-६ र ७-४ ले गुमाउन पुगिन् । 'पुरुष डबल्स' फाइनलमा भारतका ओजस मेहलावत र अधिराज ठाकुरको जोडीले भारतकै आदित्य मोर र प्रकाश सरनलाई ६-२ र ६-१ ले पराजित गरे । 'महिला डबल्स' फाइनल खेलमा दिशा बेहरा र अर्जान खोरकिवाला (भारत) ले माहिका खन्ना र एन्जल पटेल (भारत) लाई ६-३, २-६ र १०-५ ले पराजित गरेको प्रतियोगिता निर्देशक अजय विष्टले जानकारी दिनुभयो । विजेता खेलाडीहरूलाई जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरणबहादुर बानियाँ, कास्की टेनिसका अध्यक्ष राजकुमार गुरुङ, उपाध्यक्ष नवीन चालिसे, कोषाध्यक्ष विष्णुबहादुर थापालगायतले मेडल वितरण गर्नुभयो । प्रतियोगिताअन्तर्गत आजदेखि नै सर्किट-२ अन्तर्गतका 'क्वालिफाइङ राउन्ड'का खेलहरू सुरु भएका छन् । सर्किट-२ मा विभिन्न देशका पुरुष २७ र महिला आठ जना खेलाडीले प्रतिस्पर्धा गरेका छन् । प्रतियोगितामा १३ वर्ष देखि १८ वर्ष उमेर समूहमा हुने प्रतिस्पर्धाका विजेताले समान ३० अङ्क, उपविजेताले १८ अङ्क, सेमिफाइनलिष्टले नौ, क्वाटर फाइनालिस्टले पाँच र आर-१६ ले दुई अङ्क प्राप्त गर्नेछन् । त्यस्तै, डबल्समा विजेताले २५ अङ्क, उपविजेताले १३, सेमिफाइनालिष्टले छ र क्वाटर फाइनालिस्टले तीन अङ्क प्राप्त गर्नेछन् । खेलाडीले प्राप्त गरेको अङ्कका आधारमा उनीहरूको वरियता निर्धाण हुनेछ ।

# दर्शन सहकारीमा सहकारी क्षमता विकास कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २२ मंसिर

दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा पोखरा १७ मा रहेको नेपाल ठकुरी संगम परिवार कास्कीको हलमा सहकारी संबन्धी क्षमता बिकास कार्यक्रम शुक्रबार सुरु भएको छ ।

क्षमता बिकास कार्यक्रम नेपाल ठकुरी संगम परिवार कास्कीमा रहेका भातृ सस्थकहरुका सञ्चालक समिति तथा पदाधिकारीहरुलाई दुई दिने तालिम दिइएको हो । दर्शन बचत तथा ऋण सहकारी संस्था लि.ले सहकारीको बारेमा चेतना फैलाउन सहकारी अभिमुखिकरण कार्यक्रम गरेको उक्त सहकारीका अध्यक्ष राजाराम शाहीले जानकारी दिनुभयो । कार्यक्रममा प्रशिक्षक सहकारी विज्ञ चन्द्र बहादुर ठकुरीले सहकारीमा हरेकको आवश्यकता भएको बताउदै कार्यक्रम अवधिभर सहकारीको अवधारणा सम्बन्धी कुराहरु जानकारी गराउनुभएको थियो । साथै प्रशिक्षक ठकुरीले सहकारीको सञ्चालक समिति , लेखा तथा सुपरिवेक्षण समिति, ऋण तथा लगानी समितिका काम, कर्तव्य तथा सहकारी ऐनका बारेमा प्रष्ट पार्नुभएको थियो । कार्यक्रममा नेपाल ठकुरी संगम परिवार कास्कीका अध्यक्ष शेर बहादुर उच्चै, नेपाल ठकुरी महिलाका अध्यक्ष सरस्वती हमाल, नेपाल ठकुरी भुपु परिवार कास्कीका अध्यक्ष फम सिंह नेपाल, दर्शन बचत तथा ऋण सहकारी संस्था लि.का सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, ऋण तथा लगानी समिति लगाएतको उपस्थिति रहेको थियो ।


## विमालेख हरायो

यहि मिति २०८१/०७/१५ गते स्याङजाबाट पोखरा जाने क्रममा साविक सानिमा लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः कर्णबहादुर गुरुङ
विमालेख नं. ४०१००००८५०
सम्पर्क नं.
९८२९१०९५४४, ०६१५५३६५२


# जनप्रगतिशिल मञ्च जापानको निशुल्क स्वास्थ्य शिविर



**पोखरापत्र संवाददाता**
पोखरा, २२ मंसिर

नेपाली जनप्रगतिशिल मञ्च जापानले शनिवार पोखरा-२५ हेमजामा निशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ ।

शिविरमा किरण गुरुङ मेडिकल र आर.सी हेल्थ क्लिनिकको प्राविधिक सहयोगमा सुगर, मृगौला तथा महिला संग सम्बन्धीत विभिन्न रोगहरुको परिक्षण गरिएको थियो । सोहि अवसरमा विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा स्वास्थ्य परामर्श सेवा समेत प्रदान गरिएको छ् ।

शिविरबाट विशेष गरि पोखरा-२५, हेमजा साथै छिमेकी गाउँपालिकाका गरि २ सय भन्दा बढी नागरीकहरुले प्रत्यक्ष स्वास्थ्य लाभ लिए । कार्यक्रमलाई सम्बोधन गर्दै पोखरा महानगरपालिका प्रवक्ता एव.वडा न. २५ हेमजाका अध्यक्ष मोतिलाल तिम्सिनाले," रोग लुकाउन हुदैन,समय समयमा स्वास्थ्य परिक्षण नगर्दा जटिल दिर्ग रोग लाग्न सक्छ, भन्दै यस्ता शिविररुले नियमित परिक्षण गराउनु पर्छ भन्ने जनचेतना फैल्याउने भएकाले कार्यक्रम निकै महत्वपुर्ण रहेको बताउनु भयो । तिम्सिनाले २५ न. वडाले गत वर्ष देखि सञ्चालन गरेको वडा नगरिक आरोग्य कार्यक्रम निकै प्रभावकारी भएको हुदा यस वर्ष पनि निरन्तरता दिने उल्लेख गर्नुभयो । शुभकामना दिदै आयोजित शिविर बारे डा.बाचपाती सुबेदीले उपस्थित सम्पुर्णमा थप प्रकास पार्नु भएको थियो । कार्यक्रममा पोखरा महानगरपालिका वडा न.२५ का वडा सदस्य कृष्ण व.कुवर,समाजसेवी एवं तत्कालीन हेमजा गा.वि.स का पुर्व अध्यक्ष रामचन्द त्रिपाठी,गौरीशंकर मा.वि व्यवस्थापन समितिका अध्यक्ष भोजराज पौडेल, गौरीशंकर मा.विका प्र.अ अम्वर ब. कुंवर,नेपाली कांग्रेस वडा न.२५ हेमजाका सभापति मधुसुदन त्रिपाठी,नेकपा एमालेका वडा सभापति ऋषिराम पौडेल, ने.क.पा माओवादी केन्द्र हेमजाका अध्यक्ष माधव अधिकारी,गौरीशंकर आमा समुह अध्यक्ष उमा भुर्तेल पौडेल एवं अन्य विभिन्न युवाक्लब, महिला संजाल, आमासमुह, तथा अन्य पार्टीका प्रमुख एवं प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

स्वास्थ्य क्षेत्र तर्फ बाट स्वास्थ्य माकहाशाखा पोखराका प्रमुख भरतराज पौडेल, डाक्टर प्रतिभा बत्स्याल, डा.रमेश रोका, डा. कृष्ण थापा, डा.सुजन बराल, डा.सर्मिला अधिकारी साथै ल्याब टेक्निसियन नाफिसा खातुन, सरिता सिञ्जाल, सि.अ.न.मि देवी अर्मजा थापा लगायतको उपस्थिति रहेको थियो ।

गोरीशंकर मा.वि हेमजामा गौरीशंकर आमा समुहको सहजिकरणमा सम्पन्न भएको कार्यक्रमको अध्यक्षता जनप्रगतिशिल मञ्चका अध्यक्ष मोहन पौडेलले र स्वागत गौरीशंकर आमा समुहकी अध्यक्ष उमा भुर्तेल पौडेल र संचालन आमा समुह उपाध्यक्ष लक्ष्मी आर्चाय पौडेले गर्नुभएको थियो ।

# प्याब्सन कास्कीको ह्याण्डबलमा हिमालयन र सरस्वती आदर्श विद्याश्रम प्रथम



**पोखरापत्र संवाददाता**
पोखरा, २२ मंसिर

प्याब्सन कास्कीको आयोजनामा पोखरामा जारी १८ औं प्याब्सन स्पोर्टस् मिटको आइतबार समापन हुँदैछ ।

पोखरा रंगशालामा दिउँसो गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टको प्रमुख आतिथ्यमा स्पोर्टस् मिटको समापन हुने अध्यक्ष मथुराप्रसाद पौडेलले बताए । उनले पाँचदिने महोत्सवले विद्यार्थीको खेल प्रतिभाको प्रस्फुटन तथा विकासमा सहयोग पुगेको बताए । स्पोर्टस् मिटको चौथो दिन शनिबार विभिन्न इभेन्टमा खेल भए । जुनियर ह्याण्डबलमा हिमालयन बोर्डिङ स्कुल, बिरौटा र सरस्वती आदर्श विद्याश्रम, लामाचौरले उपाधि जितेका छन् । गर्ल्सतर्फ फाइनलमा हिमायनले सरस्वती आदर्शलाई ४-२ गोलअन्तरले हराउँदै स्वर्ण पदक जितेको हो । सोसल पब्लिक तेस्रोमा सीमित भयो । ब्याइजतर्फ फाइनलमा सरस्वती आदर्शले हिमालयन बोर्डिङलाई २१-१३ गोलअन्तरले पराजित गर्दै स्वर्ण जितेको हो । ग्लोबल कलिजियट तेस्रो भयो । फुटबलतर्फ शान्तिदीप र बालकल्याणबीचको फाइनल आइतबार बिहान ११ बजे हुनेछ । त्यसअघि ८ बजे तेस्रो स्थानका लागि शान्तिनिकुञ्ज र डायमण्डबीच हुनेछ ।

यस्तै, एथ्लेटिक्सतर्फ ब्याइज ट्रिपल जम्पमा रिभरडेलका तरुण गुरुङ प्रथम भए । ग्लोबल कलिजियटका दिप्सन चौधरी दोस्रो र नेपाल आदर्शका सिमोन खनाल तेस्रो भएको एथ्लेटिक्स खेल संयोजक विधान गौतमले बताए । कक्षा १० सम्म ब्याइज ४०० मिटर दौडमा अल्फा बोर्डिङका विशाल मगर प्रथम, सगरमाथा निकेतनका अञ्जन रानामगर दोस्रो र नेपाल आदर्शका आदर्श यादव तेस्रो भए ।

सोही इभेन्टमा गर्ल्सतर्फ फिस्टेलकी आराध्या चालिसे प्रथम, धौलागिरी बोर्डिङकी इशा सुवेदी दोस्रो र सिर्जनाकी प्रिन्का अर्याल तेस्रो हुन सफल भए । गर्ल्स लङजम्पतर्फ सगरमाथा निकेतनकी अनुष्का गुरुङ प्रथम भइन् ।


फिस्टेलकी आइको लक्ष्मी बाटाजु र करुणानिधिकी संगम भण्डारी क्रमशः दोस्रो र तेस्रो भए । उक्त प्रतियोगितामा २५ धावकले भाग लिएका थिए । ब्याइज २०० मिटर दौडमा बालोदयका प्रशन्न महत प्रथम, सगरमाथा निकेतनका अञ्जन रानामगर दोस्रो र फिस्टेल एकेडेमीका कृन थापा तेस्रो भए ।

गर्ल्स २०० मिटर दौडमा सगरमाथा निकेतनकी अनुष्का अधिकारी प्रथम, फिस्टेलकी आइको लक्ष्मी बाटाजु दोस्रो र करुणानिधिकी संगम भण्डारी तेस्रो भए ।

स्पोर्टस् मिटमा कक्षा १ देखि १० सम्मका विद्यार्थीबीच छात्रछात्रा सिनियर फुटबल, छात्र जुनियर फुटबल, छात्रछात्रा भलिबल, छात्रछात्रा ह्याण्डबल, छात्रछात्रा टेबलटेनिस र एथलेटिक्सका खेल भएका हुन् । प्रतियोगिता संयोजक एवं प्याब्सन कास्कीका वरिष्ठ उपाध्यक्ष उमा लामिछानेले कक्षा ११ र १२ का विद्यार्थीबीच छात्रछात्रा भलिबल, छात्रछात्रा बास्केटबल, छात्रछात्रा एथलेटिक्सका खेल भएको बताइन् ।

प्याब्सनले स्थापनाकाल २०४७ देखि शिक्षासँगै खेलकुदको विकास गर्ने उद्देश्यले प्याब्सन स्पोर्टस् मिट आयोजना गर्दै आएको छ । संस्थामा ९९ विद्यालय सदस्य छन् । प्याब्सन कास्कीअन्तर्गत ७५ हजार विद्यार्थी अध्ययनरत् रहेकामा स्कुलबाट छानिएर आएका ४५ सय विद्यार्थीले आफ्नो खेलकौशल पस्किएका हुन् ।


## एउटै व्यक्ति भएको सूचना



लमजुङ जिल्ला साविक पाचोक गाविस-८ हाल दोर्दी गाउँपालिका-५ निवासी भारतीय सेनाका भूपू Ex sub JC ९८६२२ P/8 GR/EFP का गजबहादुर गुरुङको श्रीमतीको नामथर बलु भन्ने लक्ष्मी गुरुङको नेपाली नागरिकतको प्रमाणपत्रमा नामथर र जन्म मिति बलु भन्ने लक्ष्मी गुरुङ र वि.सं. २००५/१०/२१ रहेको र भारतीय सैनिक पेन्सन अभिलेखमा नाम थर र जन्ममिति लक्ष्मी गुरुङसेनी र वि.सं. २००२/०२/२९ (ई सं. १९४५/०६/११) भई फरक परे तापनि दुवै नाम थर र जन्म मिति गरेको व्यक्ति अलगअलग नभई एउटै व्यक्ति भएको सार्वजनिक जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# विद्यार्थीलाई आयआर्जनसँग जोड्न स्ट्रबेरी खेती

पोखरापत्र संवाददाता
गोरखा, २२ मंसिर

गोरखाको पालुङटार नगरपालिका-९, सेरास्थित त्रिवेणी माध्यमिक विद्यालयले विद्यार्थीलाई आयआर्जनसँग जोड्न स्ट्रबेरी खेती सुरुआत गरेको छ। विद्यालयले कृषि ज्ञानकेन्द्र गोरखाको सहयोगमा स्ट्रबेरी खेती गर्न थालेको प्रधानाध्यापक गणेशराज सेडाईले जानकारी दिनुभयो।

"यस वर्ष परीक्षणका रुपमा अहिले एक रोपनी क्षेत्रफल जमिनमा स्ट्रबेरी खेती सुरु गरिएको छ", उहाँले भन्नुभयो, "उक्त जमिनमा करिब छ सय बिरुवा लगाइएको छ, यसबाट राम्रो उत्पादन भए थप जमिनमा स्ट्रबेरी खेती गर्ने योजना विद्यालयको छ।" विद्यालयमा कक्षा ९ देखि १२ सम्मका कृषि धारका विद्यार्थी स्ट्रबेरीखेती गर्ने काममा जोडिएको उहाँको भनाइ छ। "उत्पादनपछि बिक्री भएको आम्दानीको ६० प्रतिशत विद्यार्थीलाई उपलब्ध गराउने विद्यालयले निर्णय गरेको छ", प्रधानाध्यापक सेडाईले भन्नुभयो, "परीक्षण सफल भए आगामी वर्ष १० रोपनी क्षेत्रफल जमिनमा स्ट्रबेरीखेती गर्ने योजना विद्यालयको छ।"

# अन्नपूर्णेश्वर शिवालय शिवशक्ति धाममा शिवालय मन्दिरको उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर



पोखरा महानगरपालिका वडानम्बर १५ ढुङ्गेसाँघु, पट्नेरीमा निर्माण भएको शिवालाय मन्दिरको शनिबार उद्घाटन गरिएको छ।

यही मंसिर १७ गतेदेखी जारी ऐतिहासिक शुक्लागण्डकी कोटिहोम-२०८१ अन्र्तगत सोही स्थानमा निर्माण सम्पन्न भएको मन्दिरको उद्घाटन गरिएको हो। यज्ञका प्रमुख वाचक, संरक्षक तथा यज्ञ संकल्पकर्ता शोभाकान्त ढकाल (कृपालु दास) ले मन्दिरको उद्घाटन गरेका हुन्। ६ महिना पहिला मन्दिरको शिलान्यास गरिएको थियो। यस्तै शवदहन स्थल (सेती नदी) जाने बाटो (सिँढी)को पनि शिलान्यस गरिएको छ। पट्नेरीबाट सेती नदीसम्म जानका लागि गोरेटो बाटो भए पनि व्यवस्थित नहुदाँ शवदहनको लागि आवतजावत गर्न असहज हुने गरेको छ। बाटोको ज्येष्ठ नागरिक सिता ढकाल, पार्वती ढकाल र शुसिला थापाले संयुक्त रुपमा शिलान्यास गरे। नदीसम्म पुग्नका लागि एक सय आठ सिँढी निर्माण हुने यज्ञ आयोजक समितिका संयोजक नारायण भण्डारीले जानकारी दिए।

शनिबार उद्घाटन भएको शिव मन्दिर प्रवेश गर्ने मुलद्धार निर्माणको जिम्मा पुष्कल ढकालले लिएका छन्। ढकालले मुलद्धारको शिलान्यास गरेका छन्। महतगौंडा र टुटङ्ग्यालाई जोड्ने प्राचीन प्राकृतिक पुल ढुङ्गेसाँघुको तल हहिहर भगवानले तपस्या गरेको गुफा जानका लागि पट्नेरीबाट सिँढीसहितको बाटो निर्माणका लागि शुक्रबार शिलान्यास गरिएको थियो। यस्तै सोही स्थानमा प्रेम मन्दिरको पनि शिलान्यास गरिएको अन्नपूर्णेश्वर शिवालय शिवशक्ति धाम तथा बृहत्तर धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष मदन गिरीले जानकारी दिए। यस स्थानमा विगतमा पनि साधुसन्त महन्त सिद्धपुरुषहरुले कोटीहोम लगाएको र अहिले करिब ३१ वर्षपछि धाम निर्माण गर्ने उद्धेश्यका साथ कोटीहोम आयोजना गरिएको हो।

अबको पाचँ वर्षमा धाम विश्वको आकर्षक गन्तब्य बन्ने संकल्पकर्ता ढकालले जानकारी दिए।

प्रमुख वाचक, संरक्षक तथा यज्ञ संकल्पकर्ता शोभाकान्त ढकाल (कृपालु दास) ले धार्मिक पर्यटकीय केन्द्र बनाउन सबै पोखरेलीको साथ र सहयोगको आवश्यक रहेको बताउदै यज्ञ स्थलमा आएर हौसला बढाइदिन आग्रह गरेका छन्। यज्ञमा ठुलो संख्यामा भक्तजनहरुको उपस्थितिमा दैनिक संगितमय कथा प्रवचन भइरहेको छ। मंसिर २७ गतेसम्म कोटिहोम संचालन हुने छ।

# पर्यटन प्रर्वद्धन गर्न पोखरा व्यवसायी कोशी र मधेश प्रदेश तर्फ

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर




पोखरा र गण्डकी प्रदेशको पर्यटन प्रर्वद्धन गर्न पोखराका पर्यटन व्यवसायी पूर्वको भ्रमणमा निस्केका छन्। नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेशको आयोजना तथा गण्डकी प्रदेश पर्यटन मन्त्रलायको सहयोगमा प्रर्वद्धनमा निस्केको हो।

टोलीले नेपालको मधेश प्रदेश तथा कोशी प्रदेशका मुख्य सहरहरुमा गण्डकी प्रदेशको पर्यटकिय गन्तव्यहरु प्रचारप्रसार, प्रवर्द्धनात्मक र अन्तरक्रिया कार्यक्रमहरु गर्ने छ। शनिबारबाट शुरु भएको अन्तरप्रदेश पर्यटन प्रवर्द्धन तथा अन्तरक्रिया कार्यक्रम मंसिर २८ गते सम्म सञ्चालन हुने नाट्टा गण्डकीका अध्यक्ष किशोर दाहालले जानकारी दिए। पर्यटन व्यवसायीहरुको टोलीले मधेश प्रदेशको जनकपुरमा, कोशी प्रदेशको इलाम र विराटनगरमा कार्यक्रम गरी प्रवर्द्धन गरिने नाट्टा गण्डकी पुर्व अध्यक्ष हरिराम अधिकारीले जानकारी दिए। उनले त्यहाँ स्थित सरकार, स्थानिय निकाय, पर्यटन व्यवसायी, उद्योग व्यवसायी र पत्रकार संग अन्तरक्रिया गरी पोखरा र गण्डकी प्रदेश भ्रमणको निम्तो दिनेछ। उताबाट मात्रै नभै पोखराबाट पनि पर्यटक पठाउनका लागि छलफल हुने अधिकारीले बताए।

नाट्टाले गण्डकी प्रदेश र पोखराको पर्यटन प्रवर्द्धनका लागि बेला बेलामा स्वदेश र विदेशमा विभिन्न कार्यक्रमहरु गर्दै आएको छ। छलफलम भारतका पर्यटन व्यवसायीहरु पनि छलफलमा सहभागी हुने नाट्टा गण्डकीका महासचिब चेतबहादुर कार्कीले बताए। उनीहरु विदाइ गर्दै गण्डकी प्रदेश पर्यटन मन्त्रालयका सचिब कुमानसिंह गुरुङले नेपालको पर्यटनको राजधानी शहर पोखरा र गण्डकी प्रदेश सबै मौसममा भ्रमणको लागी उपयुक्त हुने बताए। उनले प्रवर्द्धनका कार्यक्रमले दुबै क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न सहयोगी हुने बताए। विगतमा संस्थाले आन्तरिक पर्यटन प्रवर्द्धनको लागि प्रवर्द्धनात्मक अवलोकन भ्रमण लगायतका विभिन्न कार्यक्रमहरु आयोजना गर्दै आइरहेको कार्यक्रम संयोजक संगिता पौडेलले बताइन्। प्रर्वद्धनका कार्यक्रमले देश भित्रै आर्थिक गतिविधि बढाउने, स्थानिय संस्कृति, परम्पराको पहिचान गर्न एवं आन्तरिक पर्यटनलाई टेवा पुग्ने विश्वास लिएको बताइन्। भ्रमण टोलीमा ३० जना सहभागी रहेका छन्।

# रोटरी क्लव मिडटाउनको अमर ज्योतिमा स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर




रोटरी क्लव अप ञपोखरा मिडटाउनको आयोजनामा गण्डकी मेडिकल कलेजको प्राविधिक सहयोग र नक्शाल शक्ति त्रिपुरेश्वर काठमाण्डौ सँगको सहकार्यमा पोखरा २६ स्थित अमर ज्योतिमा निशुल्क स्वास्थ्य शिविर शुक्रवार सम्पन्न भयो।

शिविरमा गण्डकी मेडिकल कलेजको अस्पतालको प्याथोलोजि ल्यावैं रेडियोलोजि ल्याव स्थापना गरी वरिष्ठ सर्जन डा भोजराज न्यौपाने वरिष्ठ स्त्रि तथा प्रसुति रोग विशेषज्ञ चण्डिका न्यौपानेँवरिष्ठ हाड जोर्नि तथा नसा रोग विशेषज्ञ डा पविन थापा लगायतको उपस्थित रहेको थियो। विद्यार्थी शिक्षक एक सय ३२ जना र ३६ जना स्थानियहरुलाई निशुल्क स्वास्थ्य परिक्षण गरिएको रोटरी क्लव मिडटाउनका सचिव जीवन प्रसाद भण्डारी वताए। क्लवका अध्यक्ष सुर्यनारायण वराल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रकाश मोहन भट्टराई, वरिष्ठ सर्जन भोजराज न्यौपानेले संयुक्त रुपमा प्राविधक सामन प्रदान गरी कार्यक्रम सुरु गरिएको थियो। विद्यालयक प्राचार्य दामोदर सापकोटाले र विद्यालयका शिक्षक पवित्रमणि ढुंगानाले फुलको गुच्छाले स्वागत गरेका थिए। कार्यक्रमको वारेमा क्लवका पूर्व अध्यक्ष जय मोहन भट्टराईले प्रकाश पारेका थिए। गण्डकी मेडिकल कलेजको प्राविधिक र नक्शाल शक्ति त्रिपुरेश्वरको सहकार्यमा शिविर सम्पन्न भएको थियो। शिविरको औपचारिक कार्यक्रम क्लव सचिव जिवन प्रसाद भण्डारीले संचालन गरेका थिए।

# फेवातालमा माछा घट्दा जलारी समदायको पेसा सङ्कटमा

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर

पोखरा-१८ खपौंदी निवासी ८० वर्षीया मिश्री जलारी जीवनको उत्तरार्धमा पनि फेवातालका माछा बिक्री गर्न पोखरा बजार पुग्नुहुन्छ। जाल थापेर निस्केका माछा बिक्री गर्न उहाँ पोखरा बजारमा जान थालेको पनि ६७ वर्ष बितिसकेको छ।

उहाँले भन्नुभयो, "तेह्र वर्षको उमेरमा विवाह भयो, श्रीमान् पनि उमेर छदै बित्नुभयो, दुई छोरा छन्, उनीहरु पनि भिन्दै बस्छन्, छोराहरुले जाल थापेर मारेका माछा बिक्रीकोर जान्छु। पछिल्ला वर्ष जालमा माछा पर्न पनि कम भइसकेको छ, दशौं वर्ष भयो स्थानीय जातमा शहर, असला र नैनी माछा देख्न पाइएको छैन, फेवातालमा माछा घट्दा हाम्रोपेसा सङ्कटमा परेको छ।" पोखराको फेवाताल किनार खपौंदी, वैदाम, गाईघाट जलारी समुदायको एक सय परिवार रहेको मध्य एक दुई परिवार ति मध्य एक दुई परिवारबाहेर अन्य सबै यही पेसामा आबद्ध छन्। हर्पन फेवा मत्स्य सहकारी संस्थाका अध्यक्ष ज्ञानबहादुर जलारीले फिरन्त जीवन स्थापित त भयो तर यो समुदायमा गरिवी भने हट्न नसकेको जनाउँदै पछिल्ला वर्ष फेवाताल वरपरका खेतमा विषदीको प्रयोग हुँदा माछा लोप भएका कारण जलारीका पेसा थप सङ्कटमा परेकोमा चिन्ता व्यक्त गर्नुभयो। आयातित माछाकै कारण रैथाने माछा सङ्कटमा पारेको र पछिल्ला वर्ष जालमा माछा पर्न कम भएपछि जलारीका पेसालाई बचाउन स्थानीय सरकारले फेवातालका माछा संरक्षणमा जोड दिन आवश्यक भएको उहाँले बताउनुभयो।

फेवाताल संरक्षण गर्दे परम्परागत रुपमा माछा मार्ने पेसामा सम्लग्न जलारी समुदायको जीविको पार्जनका लागि पनि तालमा बढीभन्दा बढी माछाका भुरा छाडेर सहयोग गर्न उहाँले सरकारसँग आग्रह गर्नुभयो। पछिल्ला वर्षमा स्वास्थ्य प्रति मानिसहरु सचेत हुँदा स्थानीय जातको माछा प्रयोगमा आकर्षण बढेकाले सरकारले पनि यस्ता माछाको सङ्ख्या वृद्धि र संरक्षणमा जुट्नुपर्ने भनाइ उहाँको छ। फेवाताल किनारमा बसोबास गर्ने जलारी समुदायका आधिकांश युवा माछा मार्ने व्यवसायमा छन् भने केही रोजगारीका लागि खाडीमुलुकमा भएका छन् भने पुरानो पुस्ता भने यही पेसामा छ। फेवातालबाहेक बेगनास तालमा पनि केही मात्रमा जलारी समुदाय माछा मार्ने व्यवसायमा नै लागेका छन्। जलारी दिदीबहिनी समूहकी अध्यक्ष मीना जलारीले जालमा परेका माछाले जीविको धान्न कठिन हुन थालेको जनाउँदै अहिले एक परिवारको भागमा दैनिक दुई केजी माछा पनि मुस्किलले पर्ने गरेको बताउनुभयो। माछाको मूल्य जातअनुसार प्रतिकेजी चार सयदेखि एक हजार पाँच सय रुपैयाँ सम्मका छन् तर अधिकांश माछा तिलिपिया भएकाले मूल्य निकै कम हुने बताउनुभयो। जलारी समुदायका महिलाको जीवनस्तर सुधार गर्न राज्यले अन्य बाटाहरु खोज्नुपर्नेमा उहाँले जोड दिनुभयो।

फेवातालमा जलारी समुदायबाहेक अन्य व्यक्तिले लुकिछिपी बल्छी थापेर माछा मार्ने गर्दै आएकाले त्यस्तो कार्यलाई रोक्न समेत उहाँले आग्रह गर्नुभयो। मत्स्य अनुसन्धान केन्द्र पोखराका प्रमुख डा मोहमत इक्वाल हुसेनले पोखराको फेवातालमा २४ प्रजातिका माछा रहेको जानकारी दिँदै फवातार वरपरको खेतबारीमा प्रयोग भएको विषादीका कारण माछाहरु मात्र सङ्कटमा परेका छैनन् त्यसवाट आश्रित जलारी समुदायका पेसा समेत सङ्कटमा पर्दै गएको भनाइ उहँको छ। पोखराको फेवातालमा मत्स्य अनुसन्धान केन्द्र तथा विभिन्न सङ्घ संस्थाले वार्षिक १० देखि १२ हजारको सङ्ख्यामा विभिन्न जातका माछा छाड्ने गरेको बताउनुभयो।


वालिङ कृषि विकास परियोजना

दियालो

वालिङ-८, स्याङ्जा

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथमपटक प्रकाशित मिति २०८१/०८/२३**

**सिलबन्दी दरभाउपत्रको सूचना नं.** Diyalo /WalingADP/SQ/2081/082/01

वालिङ नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग र दियालो, वालिङ स्याङ्जाको सहजीकरणमा संचालित 'वालिङ कृषि विकास परियोजना' अन्तर्गत आवश्यक उन्नत जातका प्रजनन योग्य बिउ बाख्रा तथा बोकाहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्य फर्म वा संस्थालाई रितपूर्वक सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

**सिलबन्दी दरभाउपत्रको विवरण**

| क्र. सं. | वस्तु / सामग्रीको नाम | परिमाण | जमानत रकम रु | सिलवन्दी दरभाउ पत्र फारम दस्तुर रु | सिलवन्दी दरभाउ पत्र मान्य अवधी हुने दिन | सिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउ पत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | उन्नत जातका बाख्राका प्रजनन् योग्य पाठीहरु | १५० | ४६,००० | १००० | ४५ दिन | २०८१/०९/७ गते कार्यालय समय भित्र | २०८१/०९/०८ गते १२ बजेसम्म | २०८१/०९/०८ गते दिनको २ बजे |
| २ | उन्नतजातका बाख्राका प्रजनन् योग्य बोकाहरु | १६ | | | | | | |

१. सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक र योग्य दरभाउपत्र दाताहरुले थप जानाकारीका लागि दियालो, वालिङ स्याङ्जाको कार्यालय वालिङ नगरपालिकाको कार्यालय, वालिङ-८, स्याङ्जा वा कार्यालयको फोन नं ०६३-४४१००५ मोबाइल न ९८५६०१७००५ वा इमेल syangjadiyalo@gmail.com मा सम्पर्क राख्न सक्नेछन।

२. योग्य दरभाउपत्रदाताले मिति २०८१।०८।२३ गते सुचना प्रकाशन गरेको मितिले १५ दिन अर्थात २०८१।०९।०७ गतेका दिन कार्यालय समय भित्रमा १००० रुपैया फिर्ता नहुने दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्रसहित लिखित निवेदन दियालो, वालिङ स्याङ्जाको कार्यालय वालिङ नगरपालिकाको कार्यालय, वालिङ-८, स्याङजाबाट शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन।

३. सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन गरेको मितिबाट कम्तिमा १६औं दिन अर्थात २०८१।०९।०८ गते दिनको १२:०० बजेभित्र दियालो, वालिङ स्याङ्जाको कार्यालय वालिङ नगरपालिकाको कार्यालय, वालिङ-८, स्याङ्जामा पेश गर्नुपर्नेछ। उल्लेखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ।

४. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु २०८१।०९।०८ गते दिनको २:०० बजे उपस्थित हुन चाहाने आपुर्तिकर्ताका प्रतिनिधिहरुको रोहोबरमा दियालो, वालिङ स्याङजाको कार्यालय वालिङ नगरपालिकाको कार्यालय, वालिङ-८, स्याङ्जामा खोलिनेछ। दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनु पर्नेछ। दरभाउपत्रको साथ रु ४६,०००। अक्षरुपी छ्यालिस हजार रुपैयाँ मात्र दरभाउपत्र जमानत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनुपर्नेछ। दरभाउपत्रदाताले जमानत वापत नगदै राख्न चाहेमा गरिमा विकास बैंक वालिङ शाखामा रहेको खाता नं.००११०१०१२२७८१६००००२ मा जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

५. दरभाउ पत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ।

६. सिलबन्दी स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकारी यस दियालो, वालिङ स्याङ्जाको कार्यालयमा सुरक्षित रहनेछ।

७. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलबन्दी फारममा उल्लेख गरिए बमोजिम हुनेछन्।